"प्राकृतिक सम्पदायुक्त हराभरा शहर, सम्पुर्ण नगरबासीहरुको एउटै रहर"

# परशुराम नगरपालिकाको कार्यालय

लालढुङ्गा, जोगवुडाडडेल्धुरा

## वार्षिक नगर विकास योजना

### नीति, योजना, बजेट, कार्यक्रम तथा करका दररेटहरु

आ.व. २०७३/०७४




२०७२पौष १५ गते

डडेल्धुरा

**संरक्षक**

श्री लाल बहादुर योगी

कार्यकारी अधिकृत

**सम्पादक**

श्री पदम नाथ

सामाजिक परिचालक (ना.सु)

**कम्प्युटर सेटिङ**

न्यु जस्मिन साइबर एण्ड कम्प्युटर

दैजी–१३ बेतकोट रोड कञ्चनपुर

**प्रकाशक**

**परशुराम नगरपालिकाको कार्यालय**

**सुचना केन्द्र**

**जोगबुडा,डडेल्धुरा**

# दुई शब्द

**“प्राकृतिक सम्पदा युक्त हरा भरा शहर, सम्पुर्ण नगरबासीहरुको एउटै रहर”**



डडेल्धुरा जिल्लाको सदरमुकाम वाट झण्डै ८५ कि.मि को दुरीमा रहेको यस क्षेत्रलाई भरखरै नेपाल सरकारबाट नगरपालिका घोषणा गरेको छ । मुख्यतया यस क्षेत्रको समुन्नत विकासका लागि सर्वप्रथम प्राकृतिकसम्पदाको मेरुदण्ड रहेको वन क्षेत्रलाई बचाएर संरक्षण गरे मात्र अन्यत्र विकासका पूर्वाधार को थालनी हुने हुँदा यसमा सम्पूर्ण नगरवासी को ध्यान केन्द्रित हुन जरुरी छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ र स्थानीय विकास स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार यस परशुराम नगरपालिका को दोश्रो नगरपरिषद मिति २०७२/०९/२५ मा सञ्चालन भै २०७२/०९/६ गते सम्पन्न भएको छ । यसमा वडा नं. १ देखि १२ सम्मका वार्ड वाट वार्ड भेला मार्फत आएका योजना तथा कार्यक्रमहरुलाई परिषदमा समावेश गरी सोही बमोजिम यस न.पा.को आ.व. २०७३/०७४ का लागि वार्षिक नगर योजना तयार गरिएको छ । यस नगरपालिकाको दिगो विकासका लागि सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्थाहरुको महत्वपूर्ण भुमिकाको अपेक्षा गर्दछु ।

यस नगर परिषद सम्पन्न गर्न सहयोग गर्ने श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू स्थानीय विकास अधिकारी ज्यू, सम्पूर्ण राजनैतिक दल, वडा नागरिक मञ्च, नगरवासी तथा नगरपालिका कार्यालयका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

लाल बहादुर योगी

कार्याकारी अधिकृत

DADELDHURA DISTRICT

## Proposed Parashuram Municipality



# बिषय सुची

| सि.न | बिषय | पृष्ठ |
| --- | --- | --- |

**परशुराम नगरपालिकाको कार्यालय,जोगवुडा डडेल्धुरा**

**एकशव्द चित्र**

१. **परिचय**

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलमा पर्ने पहाडी जिल्ला डडेल्धुराको भित्री मदेशमा अवस्थित परशुराम नगरपालिका हो । २०७१ मंसिर १६ गते देश भर नयाँ घोषणा भएका ६१ वटा नगरपालिका मध्येको यो न.पा. पनि एक हो । जिल्ला सदरमुकाम देखि ८५ कि.मि. र काठमाण्डौ राजधानीवाट ७४३ कि.मि. दुरीमा रहेको न.पा. जिल्ला वाट ८५ कि.मि. टाढा रहेका २ वटा जोगवुडा र शिर्ष गा.वि.स. मिलाएर यस न.पा. को घोषणा भएको हो ।

२. **भौगोलिक अवस्था**

२.१ प्रशासनिक विभाजन
२.१.१ संसदीय निवार्चन क्षेत्र - १
२.१.२ विकास क्षेत्र - सुदूरपश्चिमाञ्चल
२.१.३ प्रदेश - पहाडी भित्री मदेश
२.१.४ अञ्चल -महाकाली
२.१.५ जिल्ला - डडेल्धुरा
२.१.६ न.पा. - परशुराम नगरपालिका
२.१.७ वडा संख्या - १२
२.१.८ बजार क्षेत्रमा पर्ने वडा - ३ (४ ५ र १२)
२.१.९ मध्ये दुर्गम वडाहरु - ६ (१, ३, ६, ७, ९ र १०)
२.१.१० अति दुर्गम वार्ड संख्या - २ (२ र ११)
२.१.११ जम्माबस्ती संख्या - २४४

२.२ **क्षेत्रफल :– ४१४.७० वर्ग कि.मि.**

२.२.१ बसोबास र बजार क्षेत्र - ३२.१७ वर्ग कि.मि.
२.२.२ कृषि क्षेत्र - ५०.४८ वर्ग कि.मि.
२.२.३ वन क्षेत्र - ३३२.०५ वर्ग कि.मि.

२.३ **सिमाना :–**

पूर्वमा - आलिताल गा.वि.स.
पश्चिममा - नेपाल भारतको सिमाना नदि महाकाली
उतरमा - रुपाल गा.वि.स. र अम्मरगडि न.पा. महाभारत क्षेत्र
दक्षिणमा - कञ्चनपुर जिल्लाको चुरे क्षेत्र

२.४ **भौगोलिक अवस्थिति :–**

आक्षांश : २९.०७° देखि २९.२° उतर

देशान्तर : ८०.२१°देखि ८०.४७° पुर्व
समुद्र सतहदेखि : ३०३ मिटर देखि १५३२ मिटर सम्म
हावापानी : मिश्रित (उपोष्ण, समशितोष्ण र शितोष्ण)
तापक्रम : अधिकतम ३२.७ डिग्री र न्युनतम ३.६ डिग्री

**३. जनसंख्या (२०६८ को जनगणना अनुसार)**

३.१जम्मा घरधुरी : ५७६५
३.२ कुल जनसंख्या : ३५११०
महिला : १७२०५
पुरुष : १७९०५
३.३साक्षरता प्रतिशत ७४.८प्रतिशत

**४. स्वास्थ्य सुविधा**

४.१ अस्पताल - १
४.२ स्वास्थ्य चौकी - २
४.३ उप-स्वास्थ्यचौकी - छैन
४.४ आयुर्वेद औषधालय - १
४.५ खोपकेन्द्र - १०
४.६ २४ घण्टे प्रसुति गृह- १
४.७निजि मेडिकल - ६

**५. सरसफाई**

५.१ सार्वजनिक शौचालय - २

**६. डम्पिङ – छ**

**७. वित्तिय संस्था**
७.१ सरकारी बैंक - २
७.१ निजि बैंक - ३
७.३ बचत तथा ऋण सहकारी - ५
**८. सायुदायिक बत्ति – २**

**९. सडक बत्ति**
९.१ ट्युबलाईट - ५
९.२ बल्ब - १५
९.३ भ्यापर लाईट - ४

**१०. उद्योग व्यवसाय**
१०.१ किराना पसल - ११७
१०.२ रेडिमेड - ३५

१०.३ कपडा पसल- ३४
१०.४ होटेल -२२
१०.५ चिया नास्ता पसल - ६५
१०.६ लज - ५
१०.७ मिष्ठान पसल - १
१०.८ साइबर ब्यवसायी - ४
१०.९ स्टेस्नरीपसल - ८
१०.१०सिलाई सेन्टर- ३५
१०.११ सुनचादी पसल - ८
१०.१२ हार्डवयर पसल - ४
१०.१३ औसधी पसल - ६
१०.१४ घरेलु उद्योग - ५
१०.१५ इलेक्ट्रोनिक पसल - ५
१०.१६ कस्मेटीक पसल - १५
१०.१७ तरकारी तथा फलफुल -५
१०.१८ मासु पसल - १०
१०.१९ दुग्ध डेरी -२
१०.२० एग्रोभेट - ३
१०.२१ मोटरसाईकल/साईकल मर्मत सेन्टर -५
१०.२२ ग्रील वेल्डीङ उद्योग -२
१०.२३ कपाल काट्ने -१
१०.२४ मोबाईल ग्यालरी - ८
१०.२५ मदीरा - ५८
१०.२६ सहमील-५
१०.२७फर्नीचर -१
१०.२८ पाउरोटी -१
१०.२८ फोटो स्टूडीयो - १०
१०.३० कफी उद्योग -१
१०.३१ भाडा बर्तन -३

**११.सडक**

११.१ कालो पत्रे - छैन
११.२ ग्राबेल -१५ कि.मि.
११.३ कच्ची धुलो सडक - ५८ कि.मि.

**१२. सडक यातायात र विद्युतले छोएका वार्डहरु**

१२.१वार्डहरु -१,३,४,५,६,७,९, १० र १२

**१३. सडक यातायातले र विद्युतले नछोएका वार्डहरु**

१३.१वार्डहरु-२, ८ र ११ (वार्ड न. ११ मा विद्युतले छोएको)

**१४. खानेपानी**
१४.१ खानेपानी भएका बस्ती संख्या - २०१
१४.२ खानेपानी नभएका बस्ती संख्या - ४३

**१५. सरकारी कार्यालयहरु**
१५.१ कृषि सेवा केन्द्र -१
१५.२ पशु सेवा केन्द्र -१
१५.३ सेक्टर वन कार्यालय -१
१५.४ ईलाका वन कार्यालय -१
१५.५ सुरक्षा निकाय -३
१५.६ ईलाका हुलाक कार्यालय -१

**१६. उद्योग वाणिज्य सघं -१**

**१७. बजार व्यवस्थापन समिति -१**

**१८. बजार केन्द्र**
१८.१ लालढुङगा जोगबुडा वार्ड नं. १२(न.पा. स्तरिय र अन्य)
१८.२ पन्तुरा वार्ड न. १२(न.पा. स्तरिय)
१८.३ कटाल/कालीगौ वार्ड नं. ४ (न.पा. स्तरिय)
१८.४ वार्ड न. ४ पोखरी (वडा स्तरीय)
१८.५ वार्ड न. ९ गाईबादे (वडा स्तरीय)
१८.६ वार्ड न. ३ शीर्ष (वडा स्तरीय)
१८.७वार्ड न. ६ चन्दनी (वडा स्तरीय)
१८.८ वार्ड न. ७ साँदनी (वडा स्तरीय)
१८.९ वार्ड न. ५ परीगाउँ (वडा स्तरीय)
१८.१० वार्ड न. ८ जमरानी (वडा स्तरीय)
१८.११ वार्ड न. १० जजोला(वडा स्तरीय)
१८.१२ वार्ड न. १२ कैनपानी(वडा स्तरीय)

**१९. शौक्षिक संस्थाहरु**
१९.१ **प्रा. वि.**
सरकारी -३४
निजी - २

१९.२ **नि.मा.वी.**
सरकारी -७
निजी-१

१९.३ **मा.वि.**

सराकरी -१०

निजी -१

१९.४ उच्चमा.वि.-५

१९.५ क्याम्पस -१

१९.६ संस्कृत महाविद्यालय - १

१९.७कम्प्युटर ईन्स्टीच्युट -७

१९.८ बाल बिकास केन्द्र -७५

**२०. सुचना तथा सञ्चार**

२०.१ इलाका हुलाक -१

२०.२ SKY, नमस्ते, एनसेल मोबाईल सेवा मात्र

२०.३ साप्ताहिक पत्रिका - १

२०.४ दैनिक पत्रिका - १

२०.५हिलटम्स साप्ताहिक १

**२१ प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरु**

२१.१ परशुराम धाम

२१.२ भागेश्वर मन्दिर धुरा

२१.३ सिद्धनाथ मन्दिर

२१.४ बोडा ताल

२१.५शैलेश गिरी

२१.६सिद्ध गुफा

**२२. ऐतिहासिक स्थलहरु**

२२.१ मलास पिपलकोट

२२.२ पलगडी किल्ला

**२३. सामाजिक परिचालन द्वारा विकास**

२३.१ वडा नागरिक मञ्च - १२

२३.२ नागरिक सचेतना केन्द्र - ८

२३.३ आमा समुह गठन -८८

२३.४ बचत तथा ऋण समुह - ४०(गरिबी निवारण)

२३.५ सामुदायिक बन - ९५

२३.६ कृषि समुह - २६

२३.७बिउ बैंक - ६

२३.८ बाखापालन समुह - ५

२३.९ कुखुरापाल - ४

२३.१० गाईपालन - ३

२३.११ भैसीपालन - ४

२३.१२वार्ड स्तरिय बाल क्लब : १२

२३.१३स्थानिय क्लब -१०

२३.१४बिद्यालय स्तरिय बाल क्लब : ४४

२४.१५ नगर स्तरिय बाल संजाल : १
२५.१६ वार्ड स्तरिय महिला समन्वय समिति : १२
२६:१७ नगर स्तरिय महिला संजाल समिमि : १
२७ :१८नगर स्तरिय दलित समन्वय समिति : १
२८ :१९नगर स्तरिय जनजाति समन्वय समिति : १
२९ :२०वार्ड स्तरिय दलित स्मन्वय समिति : १२
३० : २१वार्ड स्तरिय जनजाति समन्वय समिति : १२
३१ : २२वार्ड स्तरिय अपांग समन्वय समिति : १२
३२ : २३नगर स्तरिय अपांग समन्वय समिति : १
**३३ : खेलमैदान – १**

**नगरपालिकाको हालको जनशक्ति संरचना**

१ कार्याकारी अधिकृत - १ (नेपाल सरकार)
२ लेखापाल -न.सु. १( नेपाल सरकार )
.३ ना.सु. (सा.प.) - १ (जि.वि.स.स्थानिय विकास कोष/स्थानिय निकाय)
.४ सब-इन्जिनियर - १ (सहायक स्तर चौथो स्थानिय निकाय)
५ खरिदार - १ (प्रशासन सहायक स्तर चौथो स्थानिय निकाय)
.६ सब-इन्जिनियर -१ (सहायक स्तर चौथो स्थानिय निकाय, जि.वि.स./स्थानिय विकास कोष)
.७ कम्प्युटर अपरेटर -१ (सहायक स्तर चौथो स्थानिय निकाय)
.८ मालि - १ (स्थानिय निकाय)
.९ कार्यालय सहयोगी - ४ (श्रेणी विहिन)

**कार्यालय फोन नम्बर** : ०९६४११००४

**कार्यकारी अधिकृत** : ९८५८७५२५१६

**नगरपालिकाको बैठकमा बस्ने पार्टि प्रतिनिधिहरु**

| क्र.सं. | नाम थर | फोन नं. |
|---|---|---|
| १ | गणेश प्रसाद जोशी (नेपाली कांग्रेस) | ९८४८८२७९३८ |
| २ | हरि प्रसाद भट्ट (नेकपा एमाले) | ९८४८८५९९७६ |
| ३ | शेर सिह माल (ए.नेकपा माओवादी) | ९८४८८७२२१० |
| ४ | धर्मानन्द भट्ट (रा.प्र.पा.नेपाल) | ९८४८८३००६८ |
| ५ | दिर्घराज जोशी (रा.प्र.पा.) | ९८४८७०८१६९ |
| ६ | धन बहादुर बोहरा (रा.ज.मो.) | ९७४९५३४३११ |
| | | |

## नगर परिषदको उपस्थिति

| सि.न. | लैंगिक उपस्थिति | | | जातिय उपस्थिति | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा |
| एकिकृत योजना समिति | ६ | ३३ | ३९ | ४ | २ | ३३ | ३९ |
| परिषद | ६८ | ३८८ | ४५६ | ६१ | २२ | ३७३ | ४५६ |
| | ७४ | ४२१ | ४९५ | ६५ | २४ | ४०६ | ४९५ |

## लगानीका क्षेत्रहरु

| क.सं. | लगानीका क्षेत्र | योजना संख्या | विनियाोजित वनेट | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा तर्फ | २० | ५८,९०,०००।०० | २९.४५ | |
| २ | स्वास्थ्य तर्फ | १२ | २३ ,९०,०००।०० | ११.९५ | |
| ३ | खानेपानी तर्फ | | ३१,००,०००।०० | .१५.५ | |
| ४ | सिचाई तर्फ | १५ | ८,२५,०००।०० | ४.१२५ | |
| ५ | रोड तर्फ | ३ | १२,००,०००।०० | ६ | |
| ६ | काठे पुल तर्फ | १ | १००००००।०० | ० | |
| ७ | अति बिपन्न, महिला, दलित, जनजाती, एकल महिला, अपाङ्ग, आय आर्जन र सिप विकास तर्फ | १३ | ७५०००००।०० | ३.७५ | |
| ८ | जनचेतना मुलक क्षमता विकास बालमैत्री स्थानिय शासन सम्बन्धि कार्यक्रम संचालन | १२ | १७६००००।०० | ८.८ | |
| ९ | पर्यटन विकास | १ | ५००००० | २ .५ | |
| १० | HIV/AIDSर द्वन्द्व पिडित तर्फ | ५ | १००००००।०० | ०.५ | |
| ११ | धोडेटो बाटो | ३ | १७५०००।०० | ०.८७५ | |
| १२ | विपद कोष तर्फ | २ | ७५०००।०० | ०.३७५ | |
| १३ | रोड को संभाभ्यता अध्ययन | ३ | १५०००००००।०० | ७.५ | |
| १४ | लधु जल बिधुत | १ | २००००००।०० | १ | |
| १५ | सुरक्षा तर्फ | २ | ३२५००००।०० | १.६२५ | |
| १६ | रेडकस | १ | १००००००।०० | ०.५ | |
| १७ | खेलकुद | २ | २५०००००।०० | १.२५ | |
| १८ | जन्म दर्ता अभियान,अपांग परिचयपत्र शिबीर संचालन | | ६६०००००।०० : | ३.३ | |
| १९ | महिला का लागि कोष स्थापना | १ | १००००००।०० | ०.५ | |
| | जम्मा | | २००००००००।०० | १०० | |

# नगरपालिकाबाट हुने सेवा प्रभावकारिता

**प्रमुख एवं कार्यकारी अधिकृत**

## १. विषय प्रवेश

स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरबाट समाधान गर्न र जनतले शासन प्रणाली सहभागिताको अनुभुति गरुन भन्ने अभिप्रायले स्थानीय निकायको व्यवस्थापन भएको हुन्छ । स्थानीय निकाय मध्ये नगरपालिका पनि एक हो । नगरपालिकाको आफ्नो क्षेत्र भित्रका नगरबासिका निम्ति जन्म मृत्यु सम्मका आवश्यक पर्ने प्रत्यक क्रियाकलापमा सेवा प्रदान गर्दछ । विकासको आवश्यक्ता र बढदो जनआकाँक्षालाई सिमित स्रोतसाधन बाट सम्बोधन गर्न तथा कारण प्रभावकारी सेवाहरु प्रदान गर्न नसकीरहेको अवस्थामा यसलाई कुशल तरिकाले व्यवस्थापन गरि सेवा गर्न निश्चय नै चुनौती पूर्ण छ ।

## २. स्थानीय निकायको व्यवस्थापन

नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत स्वायत्त शासन माध्यमद्वारा जनतालाई अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुने छ भन्ने विषयलाई आत्मासात गरेको छ । त्यसैगरि धारा १३९ मा स्थानीयस्तर देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको मात्र बढी सहभागिता प्रर्वधन गर्ने र जनतालाई स्थानीय स्तरमा सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तर देखि नै संस्थागत विकास गर्ने विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गरिने छ, भनी उल्लेख छ ।

## ३. परशुराम नगरपालिका

वि.सं. २०७१ साल मंसिर १६ गते घोषण भई २०७१ सालमा स्थापित परशुराम नगरपालिकाको "प्राकृतिक सम्पदा युक्त हरा भरा शहर, सम्पुर्ण नगरबासीहरुको एउटै रहर" भन्ने दिर्घकालिन सोच राखेको छ । ४१४.७० वर्ग कि.मि. क्षेत्रफल भित्र १२ वडाका झण्डै ५७६५ घरधुरीमा रहेका ३५११० जनसंख्यालाई नगरपालिकाले सेवा पुऱ्याउदै आइरहेको छ ।

## ४. नगरपालिकाबाट प्रवाह हुने सेवाहरु

स्थानीय स्वायत्त शाासन ऐन-२०५५, नियमावली २०५६ आर्थिक प्रशासन नियमावली, कार्यविधि र पटक पटक मन्त्रालयबाट प्राप्त हुने निर्देशनहरुमा नगरपालिकाले गुर्नपर्ने कार्यहरुको व्यवस्था गरको छ । यसभित्र धेरैजसो सेवाहरु पर्दछन् । नगरको योजना तर्जुमादेखि दैनिक आय-व्यय को सेवाहरु प्रदान गर्नु नगरपालिकाको दायित्वको रुपमा रहेको छ । हालसम्म दैनिक रुपमा नगरपालिकाले प्रवाह गरेका सेवाहरु यसका साथै स्थानिय पंजिकाधिकारी ऐन २०३३ र नियमावली २०५४ अनुसार व्यक्तिगत घटना दर्ता समेत गरिन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विद्यालय स्थापना र कक्षा थप सम्बन्धी सिफारिस
- बालविकास केन्द्र स्थापना
- टोल विकास संस्था गठन तथा दर्ता
- नगर क्षेत्रको दैनिक फोहर मैला व्यवस्थापन
- उद्यम विकास योजना
- समुह/टोल/उपभोक्ता समिति सशक्तिकरण कार्यक्रम
- टोल विकास योजना

- नाता प्रमाणित
- जग्गा नामसारी
- घर जग्ग मूल्याङ्कन
- उद्योग दर्ता/ठाउसरी, नामसारी सम्बन्धी सिफारिश
- विद्युत जडान सिफारिश
- धारा जडान सिफारिश
- अस्थायी बसोवास प्रमाणित
- नागरिकता सिफारिश
- व्यापार व्यवसाय दर्ता/नामसारी
- मदिरा सिफारिश
- नक्सा पास तथा नामसारी
- घरबाटो प्रमाणित
- आयोजना सम्झौता तथा संचालन
- जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता

**निष्कर्ष** : नगरपालिका नगरवासीहरुको सजिलै सेवा प्रवाह हुने, खोजेको बेला भेटिने नजिकको निकाय हो । यसबाट नगरवासीको जिवनस्तर बृद्धि गर्न, सुखी र सम्पन्न बनाउन विभिन्न कार्यहरु सम्पादन भैरहेका छन् । वर्तमान अवस्थामा सेवा प्रवाहलाई प्रभावकारी बनाउनु चुनौतीपुर्ण रहेता पनि यसका लागि सबै पक्ष, तह र तप्काबाट विकासको केन्द्रविन्दु नगरवासीलाई बनाएर अगाडी बढ्यो भने सेवा प्रवाहमा प्रभावकारिता आई नगरपालिका सुन्दर र सम्पन्न हुनेछ ।

**कार्यक्रम**

**संचालक : श्री नर बहादुर बोहरा**

१. सभापति : कार्यकारी अधिकृत श्री लाल बहादुर योगी

२. प्रमुख अतिथी : स्थानिय बिकास अधिकारी श्री ज्ञान राज पाण्डेय

३. बिशिष्ट अतिथी :

३सहायक प्रमुख जिल्ला अधिकारी श्री करुणाकर अवस्थी

४. सा.प्र.ना. श्री प्रेम बहादुर रावल

५ अ.न.पा.का.अ. श्री मातृका प्रशाद भट्टराई

६ प्र.अ. अधिकृत श्री हिकमत बहादुर सिंह

७ रा.ज.मो.श्र लाल ब. जाग्री

८ नि.ब्य.के. उपाध्यक्ष श्री भिम बहादुर साउंद

९ जि.ब.अ. श्री बिश्वमणी आचार्य

१० जि.भु. अ. श्री उद्धब घिमिरे

११ ने.का.म..प्र श्री तारि सिंह बोहरा

१२ ने.क.पा.एमाले जि.का.स.स. श्री बहादुर सिंह महता

१३ ने.क.पा.माओवादी जि.का.स.श्री मान सिंह माल

१४ रा.प्र.पा. जि.का.स.श्री बासुदेब जोशी

१५ रा.ज.मो.जि.का. स. श्री चक्र देब बि.क.

१६ प.न.पा.पदपुर्ति समिति श्री मान प्रशाद जोशी

१७जिल्ला कृर्षि.बि.अ. श्री खेम राज पनेरु

१८ नेपाल बार एसोसियन श्री पठान सिंह बोहरा

**अतिथी**

**१९ने.का. श्री गणेश प्रशाद जोशी**

**२० ने.क.पा. एमाले श्री दुर्गा गिरी**

**२१ ए.माओवादीश्री माहबिर कामी**

**२२ रा.प्र.पा. नेपालश्री सहदेब बोहरा**

**२३ रा.प्र.पा. श्री हरि नाथ**

**२४ रा.ज.मो श्री फागु सिंह महता**

**२५ प्र.नि. श्री श्याम जंग शाह**

**२६ नेपाल सेना श्री झपेन्द्र चौधरी**

**२७ स.प्र.नि. श्री शंकर सिंह बोहरा**

**२८ श्रोत केन्द्र जोगबुडा श्री भोज राज ऐर**

**२९ पशु सेवा केन्द्र जोगबुडा श्री हरि सिंह भण्डारी**

**३० ए माओवादीश्री शेर सिंह माल**

**३१ रा.प्र.पा. नेपालश्री धर्मानन्द भट्ट**

**३२ रा.प्र.पा. श्री दिर्घराज जोशी**

**३३ ने.क.पा.एमाले श्री हरि प्रशाद भट्ट**

**३४ महिला उपाध्यक्ष श्री कलावति बोहरा**

**३५ नगर स्तरिय महिला संजाल अध्यक्ष श्री राजु भट्ट/जोशी**

**३६ नगर स्तरिय दलित समन्वय समिति अध्यक्ष श्री महेश सार्कि**

**३७ नगर स्तरिय जनजाति समन्वय समिति अध्यक्ष श्री दान सिंह राउटे**

**३८ नगर स्तरिय अपांग समन्वय समिति अध्यक्ष श्री कमल धामी**

**३९ नगर स्तरिय बाल संजाल अध्यक्ष श्री नरेन्द्र महरा**

२१. रा.ज.मो. पार्टि प्रतिनिधी श्री धन बहादुर बोहरा

२७. जिल्ला स्थित सरकारी कार्यालय बाट पाल्नु हुने कार्यालय प्रमुख प्रतिनिधी ज्यू

२८. त्रिवेणी बहुमुखी क्याम्पस प्रमुख श्री नवराज नाथ

२९. जोगुबुडा अस्पताल प्रमुख/प्रतिनिधी

३३. इलाका वन कार्यालय प्रमुख/प्रतिनिध

३५. इलाका कृषि सेवा केन्द्र प्रमुख/प्रतिनिधी

३६. इलाका हुलाक कार्यालय प्रमुख/प्रतिनिधी

३७. उद्योग वाणिज्य संघ जोगबुडा अध्यक्ष श्री भोजराज बोहरा

३८. सञ्चार क्षेत्र जिल्ला स्तर स्थानिय पत्र पत्रिकाका प्रतिनिधी

३९. परशुराम क्षेत्र विकास समिति प्रमुख/प्रतिनिधी

४०. उ.मा.वि. विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवं प्र.अ.पु.

४१. उ.मा.वि.व्यवस्थापन समिति अध्यक्ष एवं प्र.अ.ज्यूहरु

४२. नि.मा.वि. वि.व्य.स.अध्यक्ष तथा प्र.अ.ज्यूहरु

४३. प्रा.वि. वि.व्य.स. अध्यक्ष तथा प्र.अ. ज्यूहरु

४४. सा.वन अध्यक्ष एवं प्रतिनिधी ज्यूहरु

यस प.न.पा.को प्रथम नगर परिषदमा उपस्थित हुनुभएका सम्पुर्ण महानुभावलाई यथास्थानमा आसन ग्रहण गरिनिद हुन अनुरोध गरिन्छ ।

**उदघाटन :**

- प्रमुख अतिथीश्री ज्ञन राज पाण्डेय
- राष्ट्रिय गान सामुहिक रुपमा
- राष्ट्र र राष्ट्रियताका लागि सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिद प्रति १ मिनेट मौन धारण कार्यक्रम ।
- स्वागत मन्तब्य श्री पदम नाथ
- वार्षिक निति तथा कार्यक्रम

यस न.पा.को प्रथम नगर परिषदमा वार्षिक निति तथा कार्यक्रम कार्यकारी अधिकृत एवं आजका सभापति श्री लाल बहादुर योगी ज्यू ले पेश गर्नुभयो ।

**मन्तब्य कार्यक्रम**

आजको यस प.न.पा.को दोश्रो नगर परिषदमा उपस्थित भएका सम्पुर्ण महानुभावहरु प्रमुख अतिथि, विशिष्ट अतिथी, अतिथी लगायत सम्पुर्ण संघ संस्था लगायत महानुभावहरुले आ-आफ्नो तर्फबाट सुझाव समेत मन्तब्य राखेपछि आजका सभापति श्री लाल बहादुर योगी ज्यु बाट खुल्ला सत्रको कार्यक्रम समापन गर्नुभयो ।

**निर्णय नं. १**

**यस २०७२ साल पौष १५ गते परशुराम नगरपालिकाको दोश्रो नगर परिषदमा  कार्यकारी अधिकृतबाट प्रस्तुत गरिएको नगरपालिकाको तपसिल अनुसारकोअनुसुचिमा  उल्लेखित बजेट तथा कार्यक्रमहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।**

तपसिल

| बजेट खर्च शिर्षक नं. | पुजिगत शिर्षक | आ.ब.०७१,०७२ को यथार्थ खर्च | ०७२ मंसिर सम्म को यथार्थ खर्च | आ.ब.०७२,०७३ को संसोधित आय ब्यय | आगामि आ.ब.०७३,०७४ को को अनुमानित आय ब्यय |
|---|---|---|---|---|---|
| | भवन निर्माण | ० | ४०८७० | ११८९३००० | ५०००००००० |
| | फर्निचर खरिद | ० | ४९२६८ | १०००००० | ५००००० |
| | सवारि साधन तथा दमकल खरिद | ० | ३३९२५४० | ३४००००० | १०००००००० |
| | कम्प्युटर,मेसिनरी औजार,सफ्टवयर खरिद | ० | ६४१७७५ | १६००००० | ५००००० |
| | सार्बजनिक निर्माण सुधार | ६६२७९१० | १४७५४०० | २९६००००० | २९६००००० |
| | स्थानिय शासन तथा सामुदायिक बिकास कार्यक्रम | ० | ० | ३०८८००० | ३१००००० |
| | स्थानिय बिकास कोष | ० | ० | ८७४३००० | १०००००००० |
| | जम्मा | ६६२७९१० | ५५९९८५३ | ५९३२४००० | १०३७०००००० |

- आ.व. ०७३/०७४ का लागी प्रस्तावित भौतिक शहरी पुर्वाधार विकास तर्फको कुल बजेट  २ करोड ९६ लाख मध्ये ३ प्रतिशत कन्टेनजेन्सी कट्टी रकम रु ८ लाख ८८ हजार ।
- सम पुरक कोष ८७ लाख १२ हजार ।
- भौतिक  पुर्वाधार तर्फ रु ९० लाख ।
- भौतिक /प्रबर्धनात्मक  पुर्वाधार तर्फ रु ३० लाख ।
- महिला लक्षित कार्यक्रम तर्फ १० % ले रु २० लाख ।
- बालबालिका लक्षित कार्यक्रम तर्फ १५ % ले रु ३० लाख ।
- दलित, आदिबासी जनजाति,अपाङ्ग, जे.ना. लक्षित कार्यक्रम तर्फ १५ % ले रु ३० लाख
- कन्टेनजेन्सी कट्टी रकम रु ८ लाख ८८ हजार ।

बजेट शिर्षक वा उप शिर्षको नाम :नगरपालिका अनुदान चालु तर्फको आय ब्यय

| बजेट खर्च शिर्षक नं. | खर्च बित्तिय शिर्षक | आ.ब.०७१,०७२ को यथार्थ खर्च | ०७२ मंसिर सम्म को यथार्थ खर्च | आ.ब.०७२,०७३ को संसोधित आय ब्यय | ऋागामि आ.ब.०७३,०७४ को के अनुमानित आय ब्यय |
|---|---|---|---|---|---|
| १ | उपभोग खर्च | | | | |
| | तलब | ८८८२०० | १०००५३१।०० | २१०००००।०० | ३५०००००।०० |
| | स्थानिय,महंगि भत्ता | १४८१५० | ९१५००।०० | २०००००।०० | २०००००।०० |
| | सेवा निबृत सुबिधा | १००००० | ०।०० | ० | ०।०० |
| | बैटक भत्ता | ० | ३००००।०० | ५०००० | १०००००।०० |
| | **पोषाक** | ३०००० | ०।०० | १५००० | १४२५००।०० |
| | तालिम कार्यक्रम | १५०००० | ०।०० | ० | २०००००।०० |
| २ | कार्य संचालन र सेवा खर्च | | | | |
| | पानि तथा बिजुली | ० | ०।०० | ७००००।०० | १०००००।०० |
| | संचार महसुल | ० | ४९५१।०० | ५००००।०० | १०००००।०० |
| | कार्यालय सम्बन्धि खर्च | २७८५४३/५ | ७५९१३।८५ | २५००००।०० | ५०००००।०० |
| | मर्मत | ० | ४७३० | ५०००० | २००००० |
| २.०२ | इन्धन तथा अन्य इन्धन | | | | |
| | अन्य इन्धन | ० | ३३६३ | २०००० | ५०००० |
| | सवारी इन्धन | ० | ० | १२०००० | ६००००० |
| २.०७ | परामर्ष तथा अन्य सेवा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शुल्क | | | | |
| | परामर्ष शुल्क | ० | ३१६९६ | ४०००० | ६०००० |
| | सरसफाई<br>तथा<br>अन्य शुल्क | | | | |
| २.०८ | बिबिध | | | | |
| | बिबिध खर्च | १४७७८३।२८ | ० | १००००० | २००००० |
| | आर्थिक<br>सहायता | ० | | | |
| ४ | सेवा तथा<br>उत्पादन खर्च | | | | |
| | नगर परिषद<br>खर्च | २६०००० | ९५००० | २००००० | ३००००० |
| ४.१ | सामाजिक<br>बिकास<br>कार्यक्रम | | | | |
| | कार्यक्रम<br>भ्रमण खर्च | १६४१११ | १०३१६० | ३००००० | ५००००० |
| | पत्रपत्रिका | ० | ० | ० | ५०००० |
| | भैपरि खर्च | ० | | ३५००० | १००००० |
| | चालु खर्च<br>जम्मा | २१६६७८७।७८ | १४४०८४४।८५ | ३६०००००।०० | ३९०२५००।०० |

बजेट शिर्षक वा उप शिर्षको नाम : सामाजिक सुरक्षा तर्फ

| बजेट खर्च शिर्षक नं. | खर्च बित्तिय शिर्षक | आ.ब.०७१,०७२ को यथार्थ खर्च | ०७२ मंसिर सम्म को यथार्थ खर्च | आ.ब.०७२,०७३ को<br>संसोधित आय ब्यय | अगामि<br>आ.ब.०७३,०७४ को<br>को अनुमानित आय ब्यय |
|---|---|---|---|---|---|
| | सामाजिक<br>सुरक्षा भत्ता | १३९९५२५८।०० | ७२१९४००।०० | २५२००००।०० | २७५०००००।०० |

आन्तरिकश्रोत तर्फको आय बिवरण

| सि.न. | आय शिर्षक | आम्दानीको श्रोत | आ.ब.०७१,०७२को यथार्थ आय | ०७२ मंसिर सम्मको यथार्थ आय | चाल आ.ब.२०७२,०७३ को आय | | आगामी आ.ब.०७३, ०७४को प्रस्ताबित अनुमानित आय |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रस्ताबित अनुमान | संसोधित अनुमान | |
| १ | १.१ | घर कर | १५९३४४ | ६२९१ | २५०००० | २२५००० | २५०००० |
| २ | १.१ | मालपोत | ३४६६१९ | १७१७०।५८ | ४००००० | ३५०००० | ४००००० |
| ३ | १.१ | ब्यवसाय कर | १४८६९५ | २२८३५० | ३७५००० | ३००००० | ५००००० |
| ४ | १.३.७ | सिफारिस दस्तुर | २४१४९० | १३८७१५ | ५००००० | २५०००० | ३००००० |
| ५ | १.३ | घट्ना दर्ता जरिवाना | ७१५०५ | २६०५० | २००००० | १००००० | १५०००० |
| ६ | १.१ | सवारि पार्किड.कर | ५१८५५ | २५५९० | ११०००० | ७५००० | १००००० |
| ७ | | नक्सा पास दस्तुर | ० | १४७६४।६८ | ० | ५०००० | १००००० |
| ८ | १.६.१ | मालपोत कार्यालयबाट प्राप्त हुने रजिष्टेसन दस्तुर | १८४५५५ | ० | २५०००० | ३००००० | ३५०००० |
| ९ | १.६.४ | प्राकृतिक श्रोत बाँडफाड | ३४९५३४ | ० | ४००००० | २००००० | ११०००० |
| १० | १.१० | अन्य आय | १४०५४३ | १०४६५ | २००००० | १५०००० | २००००० |
| | | जम्मा | १६९४१४० | ४६७३९६।२६ | २६८५००० | २०००००० | २४६०००० |

बजेट शिर्षक वा उप शिर्षकको नाम : आन्तरिक श्रोतको खर्च बिवरण

| सि.न. | खर्च बित्तिय शिर्षक | आ.ब.०७१/०७२ को यथार्थ खर्च | २०७२/०७३को अनुमान | २०७२मंसिर सम्मको यथार्थ खर्च | २०७२/०७३को संसोधित | अगामी आ.ब. २०७३/०७४को प्रस्ताबित खर्च अनुमान |
|---|---|---|---|---|---|---|
| १ | त्लब | २६४४११।८८ | ३५०००० | ५०६९९ | ३०००००।०० | ६०००००।०० |
| २ | स्थानिय/महंगि भत्ता | १२५०० | १७५००० | ४४३७० | १०००००।०० | २०००००।०० |
| ३ | फर्निचर खरिद | ७१४७२।५० | ० | ० | ० | ०।०० |
| ४ | बैठक भत्ता | ६५४५० | १५०००० | ६७५०० | १००००० | १०००००।०० |
| ५ | नगरपालिका जग्गा खरिद | ० | ० | ३००००० | ३००००० | ०।०० |
| ६ | परामर्श सेवा खर्च | ० | ५०००० | ० | ० | ५००००।०० |
| ७ | पानी तथा बिधुत महशुल | १६६२३।६३ | ७०००० | १९०१२।४५ | ७००००।०० | ५००००।०० |
| ८ | संचार महशुल | ३६०२६ | ० | १६६३० | ६००००।०० | २५०००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | कार्यालय सम्बन्धि खर्च | १५०७४१।७८ | २५०००० | ३४९५५ | १०००००।०० | ३०००००।०० |
| १० | मर्मत | ४८७३४।६३ | १००००० | १८९२६।५ | ५०००० | १००००० |
| ११ | सवारी इन्धन | ९३०८७६३ | २००००० | ११३६१ | १००००० | ३००००० |
| १२ | सार्बजनिक निर्माण | ३५४१५ | ० | ० | ० | ० |
| १३ | सवारी साधन | ४८१९० | ०।० | ० | ० | ० |
| १४ | सरसफाई तथा अन्य शुल्क | २५००० | ० | ० | ० | ० |
| १५ | बिबिध | ११६९३० | २५०००० | ९००३० | १००००० | १२५००० |
| १६ | आर्थिक सहायता | १४००० | ० | ० | ० | ० |
| १७ | कार्यक्रम अनुगमन खर्च | १६३०८१ | २००००० | २७३९६० | ४००००० | २००००० |
| १८ | घर भाडा | ० | ८०००० | ० | ११०००० | १७४००० |
| १९ | भैपरी खर्च | १००० | १२५००० | ३९४५२ | १००००० | ० |
| २० | परिषद खर्च | ० | ३५०००० | ० | ३५०००० | १६१००० |
| २१ | पत्रपत्रिका | ० | ८०००० | ८८५० | ५०००० | |
| २२ | कार्यक्रम खर्च | ० | २०००००।०० | | ० | |
| २३ | सवारी साधन कर | ० | ५५००० | | ०।०० | ०।०० |
| २४ | | | | | | |
| २५ | कर्मचारी कल्याण कोष | ० | ० | ०।०० | ८०००० | ७५००० |
| | जम्मा | ११६२६६४।०५ | २६८५००० | ९७५७४६ | २३७००००।०० | २४६००००।०० |

**निर्णय नं: २**

**यस नगरपालिकाको दोश्रो नगर परिषद बाट अगामी आ.ब.२०७३/०७४ का लागी तपसिल बमोजिमका भौतिक पुर्वाधार,प्रबर्द्धनात्मक र लक्षित बर्ग योजना तथा कार्यक्रम हरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।**

**क)- भौतिक पुर्वाधार तर्फ**

| क्र.स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सरस्वती प्रा.वि. घेरबाड | १२ | डल्लेगडा | ५ लाख | |
| २. | सलेता -सिमलवण्ड सडक **IEE** सम्भाव्यता अध्ययन | ११ | | ५ लाख | |
| ३. | नौला सेला नाईल बुडर सडक **IEE** सम्भाव्यता अध्ययन | १० | | १० लाख | |
| ४. | गाईबाधे विरथला कुयापानी खानेपानी मर्मत | ९ | | ५ लाख | |
| ५. | सिद्दनाथ नि.मा.वि. साईसन घेरबार निर्माण | ८ | साईसन | ५ लाख | |
| ६. | मल्लो कसान रैचनी खानेपानी योजना | ७ | कसान | ५ लाख | |
| ७. | पटरेनी खामी दमाड खानेपानी योजना | ६ | दमाड | ५ लाख | |
| ८. | तातापानी खानेपानी योजना | ६ | तातापानी | ५ लाख | |
| ९. | बहादुरे कलपठे हे.पो. हुदै भुवनेश्वरी परशुराम सडक ग्राबेल | ५ | परिगांउ | ५ लाख | |
| १०. | कटाल बिच सडक गोजा जोडने | ४ | कटाल | ५ लाख | |
| ११. | भागेश्वर उ.मा.वि. कटाल घेरबाड | ४ | कटाल | ५ लाख | |
| १२. | भागेश्वर मा.वि. शिर्ष घेरबाड | ३ | शिर्ष | ५ लाख | |
| १३. | बसौटी प्रशुती गृह भवन निर्माण | २ | बसौटी | ५ लाख | |
| १४. | कैलपाल प्रा.वि. गोगन घेरबाड | २ | गोगन | ५ लाख | |
| १५. | कैलपाल मा.वि. बोडा भवन मर्मत | १ | बोडा | ५ लाख | |
| १६. | भागेश्वर मा.वि. सलौन भवन निर्माण | १ | सलौन | ५ लाख | |
| १७. | त्रिवेणी बहुमुखी क्याम्पस भवन निर्माण | १२ | जोगबुडा | ५ लाख | |
| **जम्मा रकम** | | | | **९० लाख** | |

**ख)- भौतिक /प्रबर्धनात्मक पुर्वाधार तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जोगबुडा सादनी सडक मर्मत | | | २ लाख | |
| २. | भत्गाड खानेपानी मर्मत | ३ | शिर्ष | २ लाख ५० हजार | |
| ३. | तोडेन्ना लघु जल विधुत | ३ | शिर्ष | २ लाख | |
| ४. | ईलाका प्रहरी कार्यालय प्रतिक्षालय निर्माण | १२ | जोगबुडा | १ लाख २५ हजार | |
| ५. | नेपाली सेना को भवन मर्मत | १२ | जोगबुडा | २ लाख | |
| ६. | ने. रो. सो. जोगबुडा एम्बुलेन्स मर्मत | | | १ लाख | |
| ७. | विपत व्यवस्थापन कोष | न.पा. | न.पा. | ७५ हजार | |
| ८. | धारासौ सिचाई पोखरी निर्माण | ३ | | ५० हजार | |
| ९ | मालझुल खानेपानी मर्मत | १ | मालझुल | ५० हजार | |
| १०. | बोडा विद्यालय नजिक पोखरी निर्माण | १ | बोडा | ५० हजार | |
| ११. | गेरडे सिचाई कुलो | १ | गेरडे | ५० हजार | |
| १२. | समैजी नि.मा.वि. कलेना, चनेपाखरा, अचलशैन घोरेटो बाटो | १ | | ७५ हजार | |
| १३. | करनतोला टरवाईन मिल कुलो निर्माण | २ | करनतोला | १ लाख | |
| १४. | दमौटाग बहुउद्देश्यि सिचाई | २ | दमौटाग | ७५ हजार | |
| १५. | कटौजी, गोगन घोरेटो काटो | २ | | ५० हजार | |
| १६. | असुरानी प्रा.वि. फिल्ड निर्माण | ३ | असुरानी | २ लाख | |
| १७. | कोलगडा खानेपानी वा कुवा पाईप | ७ | कोलगडा | १ लाख २५ हजार | |
| १८ | काजी गडा खा.पा. नौलो निर्माण | ७ | काजीगडा | ५० हजार | |
| १९. | चुरे पर्वत प्रा.वि. घेरबाड निर्माण | ७ | | ५० हजार | |
| २०. | गुप्तेगडा आकासे टंकी निर्माण | ८ | गुप्तेगडा | १ लाख | |
| २१. | पुरनपानी सिचाई योजना | ८ | पुरनपानी | १ लाख | |
| २२. | नौला खोला , विरलथला काठेपुल निर्माण | ९ | विरलथला | १ लाख | |
| २३. | सिद्दभगवती प्रा.वि. डेबरी घेरबाड निर्माण | ९ | त. डेबरी | १ लाख | |
| २४. | सिद्दभगवती बाल विकास बालमैत्री सामाग्री खरिद | १० | बागथली | ५० हजार | |
| २५. | सिद्दभगवती प्रा.वि. सापासेला घेरबाड वा फिल्ड निर्माण | १० | सापासेला | १ लाख | |
| २६. | सापासेला डाडाखर्क सहित ५ वटा नौला मर्मत | १० | | ५० हजार | |
| २७. | डौडी खा.पा. निर्माण योजना | ११ | डौडी | १लाख ५० हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८. | नारंङ्गा खा. पा. निर्माण | ११ | नारंङ्गा | ७५ हजार | |
| २९. | महादेव नि.मा.वि. कर्रेनी फिल्ड निमार्ण | ८ | कर्रेनी | ५० हजार | |
| ३०. | कुणी खा.पा. मर्मत | २ | | २५ हजार | |
| ३१. | कालाकाठा खा.पा.मर्मत | १० | | २५ हजार | |
| **जम्मा रकम** | | | | **३० लाख** | |

**ग)- महिला लक्षित कार्यक्रम तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | महिला स्वास्थ्य स्वयम सेविका पोषाक खर्च (८१जना) | १-१२ | | २ लाख १० हजार | |
| २. | महिला स्वास्थ्य स्वयम सेविका नगरस्तरिय अक्षय कोष स्थापना | १-१२ | | १ लाख | |
| ३. | महिला हिसा ,लैगिक समानता, क्षमता विकास गोष्ठि | १-१२ | | १ लाख | |
| ४. | प्रत्येक वडा मा महिलाहरुका लागी तिज सामाग्री खरिद | १-१२ | | २ लाख | |
| ५. | नगर स्तरिय महिला संञ्जाल तालिम/गोष्ठि | १-१२ | | १ लाख | |
| ६. | महिला प्रजनन स्वास्थ्य शिविर ( बसौटी, सिमलबण्ड, मलास) | १-१२ | | ३ लाख | |
| ७. | सलेता बर्थिङ सेन्टर भवन | ११ | सलेता | २ लाख ५० हजार | |
| ८. | शिर्ष खोप केन्द्र भवन निर्माण | ३ | शिर्ष | २ लाख ४० हजार | |
| ९. | स्वास्थ्य सस्था अनुदान ( नियमित खोप सेवा संञ्चालन) | ६-१२ | न.पा. | ३ लाख ३७ हजार | |
| १०. | स्वास्थ्य सस्था अनुदान ( नियमित खोप सेवा संञ्चालन र सामुदायिक पशु सेवा घुम्ति सिविर) | १-५ | न.पा. | १ लाख ६३ हजार | |
| **जम्मा रकम** | | | | **२० लाख** | |

घ)- **बालबालिका लक्षित कार्यक्रम तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सि.उ.मा.वि. विज्ञान संकाय अध्ययनका लागी विपन्न वर्गका छात्र/छात्रा छात्रवृति प्रत्येक वडा बाट १/१ जना समाबेशी गरी २४ जना | १-१२ | | २ लाख ४० हजार | |
| २. | जन्म दर्ता शिविर ३ स्थानमा संञ्चालन | १-१२ | | ३ लाख ६० हजार | |
| ३. | बालमैत्री स्थानिय शासन **(CFLG)** सम्बन्धि कार्यक्रम संञ्चालन | १-१२ | | ८ लाख | |
| ४. | न. पा. भरिका गत बर्षको बजेटमा नपरेका बाल बिकास सामाग्री कारपेट, कुसन खरिद | १-१२ | | ७ लाख | |
| ५. | बालबालिका लाई बाल पत्रकारिता तालिम | १-१२ | | ५० हजार | |
| ६. | नगरस्तरिय युवा खेलकुद प्रतियोगिता | १-१२ | | १ लाख | |
| ७. | स्वास्थ्य सस्था अनुदान ( नियमित खोप सेवा संञ्चालन र सामुदायिक पशु सेवा घुम्ति सिविर) | १-५ | | ५ लाख | |
| ८. | नगरपालिका स्तरिय शिक्षा समितिलाई अनुदान | १-१२ | | १ लाख | |
| ९. | न.पा. भरिका सबै विद्यालयलाई खेलकुद सामाग्री वितरण | १-१२ | | १ लाख ५० हजार | |
| **जम्मा रकम** | | | | **३० लाख** | |

**ङ)- दलित लक्षित कार्यक्रम तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिप मुलक सिलाई कटाई तालिम | १ | कलेना | ५० हजार | |
| २. | सलौन पुल देखी गेरडे सम्म घोरेटो बाटो | १ | | ५० हजार | |
| ३. | ५ जना दलित लाई ३ महिने पल्मबिङ तालिम | २ | | १ लाख | |
| ४. | गैर मटेला सिचाई कुलो | ३ | | ५० हजार | |
| ५. | जातिय विभेद , छुवाछुत भेदभाव तालिम | ३ | | ५० हजार | |
| ६. | सिलाई मसिन मर्मत तालिम | ४ | | ५० हजार | |
| ७. | लोक सेवा तयारी कक्षा तालिम | ४ | | ५० हजार | |
| ८. | दलित अति विपन्न एकल महिला बाखा खरिद | ५ | | ५० हजार | |
| ९. | दलित हरु लाई बंगुर खरिद | ६ | | ५० हजार | |
| १०. | मसिनजाला सिचाई योजना | ६ | | ५० हजार | |
| ११. | सिलाई कडाई तालिम | ७ | | ५० हजार | |
| १२. | अति विपन्न दलित हरुलाई बाखा खरिद | ८ | | ५० हजार | |
| १३. | आधुनिक आरन औजार खरिद | ९ | | ५० हजार | |
| १४. | बैण्डबाजा खरिद | १० | जजोला | ५० हजार | |
| १५. | ताजा तरकारी सिचाई | १० | ढकानी | ५० हजार | |
| १६. | सिसमजाला खा.पा. निर्माण योजना | ११ | सिसमजमला | ५० हजार | |
| १७. | न.पा. भरिका **HIV\AIDS** संक्रमित औषधि उपचार | १-१२ | | १ लाख | |
| १८. | दलित कार्यालय फर्निचर खरिद | १-१२ | | ५० हजार | |
| **जम्मा रकम** | | | | **१० लाख** | |

**च)- आदिबासी जनजाति लक्षित कार्यक्रम तर्फ**

| क्र.स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जैखेत मगर बस्ति खा.पा. र सिचाई पाईप खरिद | १ | जैखेत | ५० हजार | |
| २. | नवयुग प्रा.वि. सुर्खाल घेरबाड र फिल्ड निर्माण | २ | | १ लाख | |
| ३. | समैजी नि.मा.वि. रज्यौडा फिल्ड निर्माण | ४ | | १ लाख ५० हजार | |
| ४. | कम्प्युटर तालीम मगर टोल | ५ | | ५० हजार | |
| ५. | कम्प्युटर तालीम | ६ | सिमलखेत | ५० हजार | |
| ६. | पुर्णागिरि प्रा.वि. कराली फिल्ड निर्माण | ६ | | ५० हजार | |
| ७. | डोब कुवा निर्माण मलास | ७ | मलास | ५० हजार | |
| ८. | डोलीखेडा सिचाई | ७ | | १ लाख | |
| ९. | सिप मुलक तालिम | ९ | नौला | ५० हजार | |
| १०. | भित्तेसाल जजोला सिलाई कडाई तालिम | १० | जजोला | ५० हजार | |
| ११. | सिमलबण्ड सिचाई योजना | ११ | सिमलबण्ड | ५० हजार | |
| १२. | आम्पानी सिचाई कुलो मर्मत | १२ | आम्पानी | १ लाख | |
| १३. | न.पा. स्तरिय जनजाती आदिबासिहरुको कार्यालय फर्निचर र कम्युटर खरिद | १-१२ | | १ लाख | |
| १४. | खजुरानी मगर बस्ति खा.पा. मर्मत | १२ | खजुरानी | ५० हजार | |
| **जम्मा रकम** | | | | **१० लाख** | |

**छ)- अपाङ्ग लक्षित कार्यक्रम तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | मानसिक समस्या सम्बन्धि स्वास्थ्य तालिम र औषधी खरिद | १-१२ | | १ लाख | |
| २. | अपाङ्ग परिचय पत्र सिविर संञ्चालन | १-१२ | | ३ लाख | |
| ३. | अपाङ्गहरुको क्षमता विकास तालिम | १-१२ | | १ लाख | |
| **जम्मा रकम** | | | | **५ लाख** | |

**छ)- जेष्ठ जागरिक लक्षित कार्यक्रम तर्फ**

| क्र. स. | योजनाको नाम | वडा नं. | गाउ/बस्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | परशुरामधाममा बृद्धाश्रम भवन निर्माण | १-१२ | परशुराम क्षेत्र | ५ लाख | |
| **जम्मा रकम** | | | | **५ लाख** | |

निर्णय नं. ३

यस नगरपालिकाकोआ.ब.२०७१/०७२ को यथार्त आय व्यय आ.ब.२०७२/०७३ को संसोधित आय व्यय र आगामी आ.ब.२०७३/०७४ को लागी प्रस्तावित अनुमानित आय ब्यय सहितको योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालीको बोर्ड बैठकबाट गत परिषद देखि हालसम्म पारित गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालीकाले गत परिषद देखि हालसम्म चालु र पूजीगत शिर्षकहरुमा भएका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालीकाको आ.ब. २०७१/०७२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथी छलफल गरी प्रतिवेदनमा औल्याईएका पेश्की तथा बेरुजु अबिलम्ब फछ्र्यौट कारवाही अगाडी बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकामा गत परिषद देखि हाल सम्म सञ्चालन भएका योजनाहरुको अनुगमन तथा मुल्याँकन सम्बन्धी प्रतिबेदनमा छलफल गरि अनुगमन तथा मुल्याँकनलाई बढी प्रभावकारी बनाउने नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकामा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीहरुलाई २०७२ साल माघ १ गते देखि लागु हुने गरि आन्तरिक श्रोतबाट मासिक प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कर्मचारिको नाम | पद | प्रोत्साहन भत्ता |
|---|---|---|---|
| १ | लाल बहादुर योगी | कार्यकारी अधिकृत | रु. ४५००।- |
| २ | नर बहादुर बोहरा | अ.स.ई | रु. २५००।- |
| ३ | खेम राज ओझा | लेखापाल | रु. ३०००।- |
| ४ | राम सिंह धामी | खरिदार | रु. २५००।- |
| ५ | हर्क बहादुर बोहरा | कम्प्यूटर सहायक | रु. २५००।- |
| ६ | बिश्राम सिंह बोहरा | का.स. | रु. २५००।- |
| ७ | चक्र बहादुर पाली | का.स. | रु. २५००।- |
| ८ | अर्जुन सिंह धामी | का.स. | रु. २५००।- |
| ९ | सुनिता कार्की | का.स. | रु. १०००।- |
| १० | लिला जोशी | का.स. | रु. १०००।- |
| ११ | रामकृष्ण राना | हल्का सवारी चालक | रु. १०००।- |
| १२ | दिक्षा भण्डारी | सामाजिक परिचालक | रु. ५००।- |
| १३ | तुलसी साउँद | सामाजिक परिचालक | रु. ५००।- |

निर्णय नं. ९

यस नगरपालिकामा अत्यावश्यक भएका पदहरुमा कर्मचारी पदपूर्तिका लागि नगरपालिका बोर्डलाई कर्मचारीहरुको पदपूर्तिको व्यबस्था मिलाउन नगपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

स्थानीय श्वायत्त शासन नियमावली २०६४ को नियम २१५(१)(ख) बमोजिम कर्मचारी पदपूर्तिको समिति अध्यक्षमा यस परशुराम नगरपालिका बडा नं.१ ीनवासी मान प्रसाद जोशीलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिकामा कार्यरत करार सेवामा नियुक्ती भई हाल कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने अधिकार नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय अन्य निकाय र नगरपालिकाको आन्तरिक श्रोतबाट प्राप्त हुने बजेट थप घट भएमा सोही अनुसार योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार यस कार्यालयमा कार्यरत कर्मचारीहरुको आ.ब. २०७२/०७३ को तलवी प्रतिवेदन समर्थन र आ.ब. २०७३/०७४ को प्रस्तावित तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको स्वीकृत योजना तथा कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न बजेट अभाव लगायत अन्य समस्या उत्पन्न हुने अवस्थामा प्रचलित कानूनको परिधी भित्र रही आवश्यक्ता र औचित्यतालाई समेत मध्यनजर गरी योजना तथा कार्यक्रम संसोधन गरि योजना तथा कार्यक्रम सञ्चालन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

यस नगरपालिका कार्यालयको लागी संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट प्राप्त संगठनात्मक संरचनाको सिमा भित्र रही नेपाल सरकारबाट खटाईने निजामती कर्मचारी बाहेक अन्य कर्मचारीहरुको निम्नानुसारको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | पद | तह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | अधिकृत स्तर छैटौं तह | १ | |
| २ | ना.सु. | पाँचौ तह | २ | |
| ३ | सव ईन्जिनियर | पाँचौ तह | २ | |
| ४ | कम्प्यूटर | पाँचौ तह | १ | |
| ५ | अ.स.ई. | चौथो तह | १ | |
| ६ | सहायक कम्प्यूटर अपरेटर | चौथो तह | १ | |
| ७ | खरिदार | चौथो तह | ४ | |
| ८ | अमिन | चौथो तह | १ | |
| ९ | हेवि सवारी चालक | श्रेणि विहिन | २ | |
| १० | हलुका सवारी चालक | श्रेणि विहिन | १ | |
| ११ | कार्यालय सहयोगी | श्रेणि विहिन | ५ | |
| १२ | जम्मा | | २१ | |

निर्णय नं. १६

नगरपालिका कार्यालयबाट प्रस्ताव गरिएका आन्तरिक आयका कर, दस्तुर, शुल्क, राजस्व, ठेक्का न्यूनतम अंक स्वीकृत गरि सो अनुसार कार्यान्वयन गर्ने अधिकार नगरपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

यस नगरपालिकाको भवन निर्माणका लागी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट चालु आ.ब. २०७२/०७३ मा रु. १,१८,९३,०००।- विनियोजित भई निकासा भई आएकोमा उक्त रकमले भवन निर्माण गर्न स्टमेट अनुसार अपुग भएकाले भवन निर्माणको स्टमेट थप रकम ............. रकम संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा रकम निकासाका लागी अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

यस नगरपालिकामा दमकल अति आवश्यक भएकोले दमकल खरिदको लागी बजेट ब्यवस्था गरि दिन हुन संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

यस नगरपालिकामा तपसिलमा उल्लेखित कर्मचारीहरुले नगरपालिकाको कार्य सम्पादनमा उल्लेखनिय काम गरेबाफत निजहरुलाई सम्मान पत्र र पुरस्कार दिने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | प्राविधिक सहायक | नर बहादुर बोहरा |
| २ | खरिदार | राम सिंह धामी |

निर्णय नं. २० नरपालिका अन्तर्गत साविक शिर्ष गा.बि.स. प्रा.स. बलि सिंह बोहरा, कार्यालय कामको सिलसिलामा मिति २०७१/०१/१४ गते असामयिक निधन भएकाले स्थानीय स्वायत्त शासन आर्थिक नियमावली अनुसार कर्मचारी कल्याँणकोषबाट रु. ८०,०००।- अक्षेरुपी असी हजार रुपया मात्र प्रचलित नियम कानूनको परिधी भित्र रही मृतकको श्रीमतीलाई उक्त रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१

यस नगरपालिका भित्रका निर्माण भएका घरहरु भवन निर्माण मापदण्ड अनुसार बनेका घरहरुलाई नक्शा पास गर्ने स्थानीय निर्णय गरियो ।

निर्णय नं. २२

यस नगरपालिकाको जोगबुढामा रहेको जोगबुढा अस्पतालमा उपचार सेवामा हाल सम्म अल्ट्रासाउण्ड नभएको र अस्पतालको भौतिक व्यवस्थापनका लागी जग्गा र अल्ट्रासाउण्ड उपलव्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

यस नगरपालिकाका वडा नं. २, ३ र ४ का जनसमुदायहरुलाई प्रत्यक्ष स्वास्थ्य सुविधा उपलब्ध गराउन बडा नं. ४ को बर्थिङ सेन्टरमा शहरी स्वास्थ्य केन्द्र सञ्चालन र आवश्यक पर्ने भौतिक पूर्बाधार निर्माणका लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

यस नगरपालिका अन्तर्गत रहेका वडा नं. १ देखि ५ सम्मका जनसमुदायहरुले सामुदायिक पशुसेवा कार्यक्रमबाट सेवा लिई राखेकाले सो कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २५

यस नगरपालिका वडा नं. २ भौगोलिक विकटता र दुर्गम क्षेत्र अन्तर्गत रहेकाले बसौटी खोपकेन्द्रमा २४ घण्टा प्रसुति सेवा सञ्चालन गर्ने एक जना अनमि र १ जना का. स. को व्यवस्था गर्न सम्बन्धित निकायमा सिफरिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

यस परशुराम नगरपालिका अवस्थित रहेको भित्री मधेशको एकमात्र जनस्तरबाट सञ्चालित त्रिबेणी बहुमुखी क्याम्पस भएको रआगामी दिनमा समुदाय स्तरबाट सञ्चालन गर्न नसकिने भएकाले सरकारको पूर्ण स्वामित्वमा सुदूरपश्चिमाञ्चल विश्वबिद्यालयको आङ्गिक क्याम्पसका लागी सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

यस नगरपालिका अन्तर्गत रहेको त्रिवेणी बहुमुखि क्याम्पस जोगबुढाको तपसिलमा उल्लेखित योजनाहरु निर्माणको लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

तपसिल

१ क्याम्पसको १० कोठे भवन निर्माण
२ क्याम्पस परिसर खेल मैदान निर्माण
३ क्याम्पस हाता भित्र पक्की पर्खाल ठूलो गेट निर्माण
४ क्याम्पस खाने पानी निर्माण ।
५ क्याम्पस पुस्तकालय भवन निर्माण २ कोठे ।
६ बिद्यार्थी संख्या अनुसार छात्र छात्रावास निर्माण ।
७ क्याम्पस क्षेत्रमा पर्ने खहरे खोला नियन्त्रण ।
८ बिद्यार्थी संख्या अनुसार छात्र छात्राहरुको छुट्टा छुट्टै शौचालय निर्माण ।

निर्णय नं. २८

